# उच्च अदालत पाटन

हरिहरभवन, ललितपुर

(बढुवा समितिको सचिवालय)

फोन :- ०१-५४२७८१६, ०१-५४२७८१७, ०१-५४२७८९१, ०१-५४२७८९२, ०१-५०१००४८, ०१-५४१११०३


## बढुवा समितिको सचिवालय तोकिएको सूचना

सूचना नं. १/०७९-८०, मिति २०७९/९/२८

लोक सेवा आयोग, केन्द्रिय कार्यालय, कमलपोखरी, काठमाडौंको मिति २०७९/९/२७ मा गोरखापत्रमा प्रकाशित सूचना नं. ९०४/०७९-८० को बढुवा सूचना नं. १८२/०७९-८० र सूचना नं. ९०५/०७९-८० को बढुवा सूचना नं. २७६/०७९-८० बमोजिम यस अदालत, यस अदालत अन्तर्गतको इजलास तथा मातहत अदालतहरुमा रिक्त रहेका नेपाल न्याय सेवा, न्याय समूह, राजपत्र अनङ्कित प्रथम श्रेणी, नायब सुब्बा वा सो सरहको रिक्त पदहरुमा यस अदालत, यस अदालत अन्तर्गतको इजलास तथा मातहत अदालतहरुमा कार्यरत नेपाल न्याय सेवा, न्याय समूह, राजपत्र अनङ्कित द्वितीय श्रेणीको पदहरुमा कार्यरत योग्यता पुगेका स्थायी कर्मचारीहरुको जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवामार्फत पूर्ती गर्नुपर्ने भएकोले सो प्रयोजनार्थ यस अदालतलाई बढुवा समितिको सचिवालय तोकिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

२०७९।०९।२९

गिरीराज भण्डारी

शाखा अधिकृत


Email: admin.hcpatan@supremecourt.gov.np, info.hcpatan@supremecourt.gov.np, plan.hcpatan@supremecourt.gov.np website: supremecourt.gov.np/court/patanhc Toll Free No: 1189

फोन :- ०१-५४२७८१६
०१-५४२७८१७
०१-५४२७८९१
०१-५४२७८९२
०१-५०१००४८
०१-५४१११०३

# उच्च अदालत पाटन

## हरिहरभवन, ललितपुर

## (बढुवा समितिको सचिवालय)

**उम्मेदवारहरुले बढुवाको लागि फाराम भर्दा पेस गर्नुपर्ने कागजातहरु तथा ध्यान दिनुपर्ने कुराहरुः**

१. पूर्णरूपमा भरी प्रमाणित गराएको निजामती सेवा नियमावली, २०५० को नियम ७४(३) सँग सम्बन्धित बढूवाको दरखास्त फाराम,
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
३. स्थायी नियुक्तिको प्रतिलिपि,
४. आवश्यक शैक्षिक योग्यता तथा माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
५. सम्बन्धित पदमा सरुवा भएको भए सबै सरुवा पत्रहरुको प्रतिलिपि,
६. सम्बन्धित पदमा सरुवा हुँदाका सबै रमाना पत्रहरुको प्रतिलिपि,
७. सेवाकालीन तालिम लिएको भएमा सोको प्रमाणपत्रको प्रतिलिपि,
८. प्रत्येक प्रतिलिपिहरुमा सक्कल बमोजिम नक्कल ठिक छ भनी स्वयम् घोषणा गरी दस्तखत गरेको हुनुपर्ने,
९. बढुवासँग सम्बन्धित कार्यसम्पादन मूल्याङ्कन फाराम भरी पेस गरेको अदालतको नाम र आर्थिक वर्ष।

| क्र.स. | आर्थिक वर्ष | कार्यसम्पादन मूल्याङ्कन फाराम पेश गरेको अदालत | कैफियत |
|---|---|---|---|
| १ | २०७६/०७७ | | |
| २ | २०७७/०७८ | | |
| ३ | २०७८/०७९ | | |

१०.दरखास्त दिने अन्तिम मितिः २०७९ फागुन २ गते मंगलबार कार्यालय समयसम्म।
११.दरखास्त दस्तुरः प्रत्येक बढुवा सूचनाको रू. ७००/-

कुनै जिज्ञासा वा द्विविधा भएमा यस सचिवालयमा वा ९८६८४४७९९९ मा सम्पर्क गर्न सकिनेछ।

Email: admin.hcpatan@supremecourt.gov.np, info.hcpatan@supremecourt.gov.np, plan.hcpatan@supremecourt.gov.np website: supremecourt.gov.np/court/patanhc Toll Free No: 1189